प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
झापा
प्रदेश नं १, नेपाल

☎: ०२३-४५५०५६, ४५५५४६
फ्याक्स नं.:०२३-४५५५४६
Email: akcjhapa@gmail.com

## प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२२

कृषि ज्ञान केन्द्र, झापाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यन्वयन कार्यविधि २०७५"** वमोजिमका शर्तहरुको अधिनमा रही देहाय वमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि यस जिल्ला अन्तर्गतका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बीउ बैक व्यवस्थापन समितिहरु बाट यस जिल्लाको भौगोलिक स्थिती, खेती प्रणाली र व्यवसायीकरणको उपलब्धता र प्रयोग, परम्परागत ज्ञान र सीपको आधारमा निम्न लिखित दुई क्षेत्रहरुलाई संभागको रुपमा वर्गीकरण गरी अनुदान कार्यक्रम संचालन गरिने हुनाले आफ्नो संभाग क्षेत्र अनुसार रितपूर्वक निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७७/०७/०६ गते सम्म) कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ । थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, भद्रपुर, झापाको फोन नं ०२३-४५५०५६ वा ९८५१२४०९५४ मा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संभाग १ क्षेत्र** भन्नाले कुनै रासायनिक पर्दाथहरुको प्रयोग नभएको, स्थानीय जात तथा रैथाने वालीहरु उत्पादन भैरहेको, तुलनात्मक रुपमा कम उत्पादनकत्व भएको, न्यूनतम प्रयासले पूर्ण प्राङ्गारिक क्षेत्र घोपणा गर्न सकिने, निर्वाहमुखी वा अर्ध व्यासायीकरुपमा खेती भैरहेका, शहरी क्षेत्रबाट टाढा रहेका क्षेत्रहरु जसमा रैथाने तथा स्थानिय जातका खाद्यान्न, तरकारी, मसला, फलफूल लगायतका वालीहरुलाई प्राथामिकतामा राखी कार्यक्रम संचालन गरिनेछ । यस संभाग क्षेत्रमा अनुदान बीउ प्राप्त गर्न कृषकको हकमा कम्तीमा ७.५कट्टा तथा समूह, सहकारी वा सामुदायिक बीउ बैक व्यवस्थापन समितिको हकमा क्लष्टरमा कम्तिमा ३० कट्टामा रैथाने वालीको खेती गरिएको हुनुपर्ने छ ।

**संभाग २ क्षेत्र** भन्नाले खेती प्रविधिमा रासायनिक विषादीहरुको अनियन्त्रित तथा असन्तुलित प्रयोग भईरहेको, तत्काल पूर्ण प्राङ्गारिकमा जान कठिन सघन खेती प्रणली भएका प्रती इकाई वढी उत्पादकत्व भएका, सिंचाइ तथा सडकको सहज पहूँच भएका व्यावसायीकरुमा खेती भइरहेका शहर आसपासका क्षेत्र जसमा विशेष गरि आलु, तरकारी, मसलाबाली तथा केरा, मेवा जस्ता फलफूल वालीहरुलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ । खुल्ला जमीनमा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम गर्न एकल फर्म भए १५ कट्टा जमिन र सहकारी वा समूह मार्फत कम्तीमा ४.५ विगाह जमिनमा खेती गर्नुपर्नेछ । यसरी संभाग १ र २ अर्न्तगत उत्पादित वस्तुहरु अनिवार्य रुपमा कार्यविधिको दफा ४(च) मा उल्लेखित ४ वटा किसिमहरु मध्य कुनै एक तरिकाबाट उत्पादन भएको हुनुपर्नेछ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. रु.१० को हुलाक टिकट टाँस गरिएको आवेदन/ प्रस्तावना
२. सम्वन्धित समुह/संस्था/उद्यमी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. समुह/संस्था नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
४. समुह/संस्थाको वैठकको निर्णयको प्रतिलिपी ।
५. समुह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
६. निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रतिलिपि । समुह/संस्थाको हकमा अख्तियारीको पत्र र नागरिकताको प्रतिलिपि ।
७. कृषि फर्म/उद्यमी/सहकारी संस्थाको हकमा पछिल्लो आ.व. २०७६/७७ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी ।
८. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
९. जग्गा धनीपूर्जा प्रमाणपत्रको प्रतिलिपी/जग्गा भाडामा लिएको भए सो को न्युनतम १० वर्षे करार सम्झौता/सार्वजनिक जग्गा भए स्थानीय तहको भोगचलन गर्दै आएको सिफारिस ।
१०. स्थानीय तह कृषि शाखाको सिफारिस ।
११. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व: घोपणा पत्र पेश गर्नुपर्ने छ ।
१२. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

..............................
नील कमल सिंह

Scanned with CamScanner

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
प्रदेश नं.१ नेपाल

☎: ०२३-४५५०५६, ४५५५४६
फ्याक्स नं.:०२३-४५५५४६
Email: akcjhapa@gmail.com

| क.स | संचालन हुने कार्यक्रमहरु | |
|---|---|---|
| | संभाग १ क्षेत्र | संभाग २ क्षेत्र |
| १ | रैथाने बालीका स्थानिय तथा उन्नत जातका बीउ खरिद, प्याकेजिङ्ग र लेबलिङ्ग तथा बीउ ढुवानीमा अनुदान सहयोग | क्लष्टरमा भकारो सुधार तथा भर्मिकम्पोष्ट निर्माण कार्यक्रम |
| २ | कार्यकमका लागि छनौट भई क्लष्टरमा रैथाने बाली उत्पादन गरि प्याकेजिङ्ग र ब्रान्डिङ गरि बजारीकरण गरे बापत समूह तथा सहकारीका सदस्यहरुलाई प्रति १.५ कट्ठा २ हजारका दरले प्रोत्साहन | उपयुक्त जातका बीउ, जैविक विपादी तथा विपादी वनाउने सामाग्रीहरुमा ५० प्रतिशत अनुदान । |
| ३ | रैथाने बालीको बीउ उत्पादनमा सहभागी हुने समूह, सहकारी र सामुदायिक बीउ बैकका सदस्यहरुलाई आवश्यकता अनुसारको सुपरिवेक्षण, प्याकेजिङ्ग, लेवलिङ्ग, टयागिङ्ग र ब्राण्डिङ्ग गरि बीउ उत्पादन गरि वजारीकरण गरे वापत प्रति के.जी. उत्पादनका लागि रु ५० का दरले प्रोत्साहन रकम उपलब्ध गराइने । | नयाँ संरचना बनाई प्राङ्गरिक तरकारी खेती गर्न इच्छुक कृषक समूह, सहकारीहरुले कम्तीमा १५०० वर्ग मिटर क्षेत्रफलमा ३ वटा प्लाष्टिक घर निर्माण गर्नुपर्नेछ । प्लाष्टिक घरमा अनिवार्य रुपमा इन्सेक्ट नेटको प्रयोग गर्नुपर्नेछ । |
| ४ | रैथाने बाली उत्पादनका लागि औजार उपकरण, थ्रेसिङ मेसिन, सिलिङ मेशिन तथा उत्पादन बिक्री कक्ष (Selling Center) निर्माण गर्न ५० प्रतिशत अनुदान सहयोग । | पुराना संरचनामा सुधारका लागि इन्सेक्ट नेट र अन्य सामाग्रीहरुमा अनुदान । उत्पादन क्लष्टर निर्माण गरि खुल्ला जमिन र सुधार गरिएका संरक्षित संरचनामा मिश्रित रुपमा खेती गर्न ५० प्रतिशत अनुदान |
| ५ | प्राङ्गारिक प्रमाणिकरणका लागी लाग्ने खर्चमा अनुदान सहयोग । | उत्पादन स्थल देखि बजारीकरणका लागि प्रति सिजन एकमुष्ठ १० हजार प्रति १.५ कट्ठा ढुवानी अनुदान सहयोग । |
| ६ | सामुदायिक बीउ बैकको स्थापना, Diversity Block तथा image bank को स्थापना | कृषक पहिचान चिन्ह (अनुसूची १ अनुसार), पहिचान लेखन का लागि अनुदान सहयोग । |

..............................
नील कमल सिंह

Scanned with CamScanner

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा**
प्रदेश न. १
( कार्यक्षेत्र Mझापा र इलाम )

फोन न॰ ०२३–५२००८७
फयाक्स न॰ ०२३–५२००८७
Email: vhlsjhapa@gmail.com

## प्रस्ताव आह्वानको सूचना

**सूचना नं. 2/2077÷78** **प्रथम पटक प्रकाशित मितिः 2077।06।22**
**प्रस्ताव पेश गर्ने अन्तिम मितिः 2077।06।21**

# सूचना ! सूचना!! सूचना!!!

आ. व. २०७७।७८ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा अन्तर्गत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन भित्र अर्थात (मिति २०७७।०७।२१ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा वा सम्पर्क कार्यालय इलाममा तोकिएको ढाँचा (अनुसुचि-६) बमोजिम आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि प्रदिपकुमार श्रेष्ठ, झापा (९८४२६२६१०३), डिगबहादुर कार्की, इलाम (९८४२६६३४४३) मा सम्पर्क गर्न सकिनेछ।

**तपशिल:**

क. ब्लक कार्यक्षेत्रः झापा र इलाम जिल्लाका सम्पूर्ण स्थानिय तहहरु

ख. कार्यक्रमहरुः माछा ब्लक- झापा जिल्ला, जलाशय क्षेत्रफल ६० हेक्टर, संख्या २
बाख्रा ब्लक- इलाम जिल्ला, बाख्रा संख्या ५०००, संख्या १

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

1. सम्बन्धीत निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
2. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
3. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
4. कार्य समितिको निर्णयको प्रतिलिपि।
5. अनुसूचि ७ अनुरुपको आधारभुत तथ्याङ्क फाराम।

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

प्रदेश नं. १
( कार्यक्षेत्र :झापा र इलाम)

# प्रस्ताव आव्हानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०७७।०६।२२
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७।०७।२१

आ.व. २०७७।०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, भेटेरिनरी अस्पताल
तथा पशु सेवा विज्ञ केन्द्र, झापा अन्तर्गत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन
गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले
आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनभित्र अर्थात् (मिति
२०७७।०७।२१ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा वा सम्पर्क
कार्यालय इलाममा तोकिएको ढाँचा (अनुसूची ६) बमोजिम आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा
जानकारी गराइन्छ । *साथै यस विषयमा थप जानकारीको लागि प्रदीपकुमार श्रेष्ठ, झापा
(९८४२६२६१०३), डिगबहादुर कार्की, इलाम (९८४२६६३४४३) मा सम्पर्क गर्न सकिनेछ ।*

**तपशिलः**

**क. ब्लक कार्यक्षेत्रः** झापा र इलाम जिल्लाका सम्पूर्ण स्थानीय तहहरु

**ख. कार्यक्रमहरुः** माछा ब्लक-झापा जिल्ला, जलाशय क्षेत्रफल ६० हेक्टर, संख्या २
बाख्रा ब्लक- इलाम जिल्ला, बाख्रा संख्या ५,०००, संख्या १

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
४) कार्य समितिको निर्णयको प्रतिलिपि ।
५) अनुसूची ७ अनुरुपको आधारभूत तथ्यांक फाराम ।

Scanned with CamScanner

Scanned with CamScanner